का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

Attn: News Desk

फोन नं.: ०१-४५३२२७०
०१-४५३२२७१

नेपाल सुनचाँदी व्यवसायी महासंघ

Federation of Nepal Gold & Silver Dealers' Associations

स्थापित : २०६९
काठमाडौं ।

चलानी नं. :

Date : 2082/10/09

Weekly Chart



Date	Day	GoldPer 10g	Gold Per Tola	Silver Per 10g	Silver Per Tola
2082/10/04	Sunday	2,38,170	2,77,800	4822.50	5,625
2082/10/05	Monday	2,41,770	2,82,000	4981.00	5,810
2082/10/06	Tuesday	2,44,085	2,84,700	5041.00	5,880
2082/10/07	Wednesday	2,53,000	2,95,100	5075.50	5,920
2082/10/08	Thursday	2,50,515	2,92,200	5032.50	5,870
2082/10/09	Friday	2,58,400	3,01,400	5307.00	6,190

सुनचाँदीको मूल्यमा एकपछि अर्को ऐतिहासिक रेकर्ड कायम

यो साता नेपाली बजारमा सुनचाँदीको मूल्यमा एकपछि अर्को ऐतिहासिक रेकर्ड कायम भयो । सुनको मूल्य पहिलो दिन आइतबार प्रति १० ग्रामको रु २,३८,१७० रहेकोमा सोमबार, मंगलबार र बुधबार एक पछि अर्को उच्च मूल्य कायम रहयो । बिहीबार केही घटेकोमा शुक्रबार पुनः बढेर हालसम्मकै उच्च प्रति १० ग्राम २,५८,४०० कायम भयो । समग्रमा शुक्रबार आइपुग्दा आइतबारको तुलनामा प्रति १० ग्राम २० हजार २३० रुपैंयाँ बढी हो भने तोलामा प्रतितोला २३ हजार ६०० रुपैयाँ बढी हो ।

त्यस्तै चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ । साताको पहिलो दिन आइतबार नै प्रति १० ग्राम ४८२२ रुपैंया ५० पैसा कायम रहेकोमा सोमबार, मंगलबार, बुधबार निरन्तर उच्च भाउ रहयो । बिहीबार केही घटेकोमा शुक्रबार बढेर प्रति १० ग्रामको ५३०७ रुपैंया कायम भयो, जुन हालसम्मको उच्च हो । समग्रमा साताभर चाँदी प्रति १० ग्राम ४८४ रुपैंयाँ ५० पैसाले बढी हो भने तोलामा प्रतितोला ५६५ रुपैयाँ बढी हो ।

भूराजनीतिक अस्थिरता, बढ्दो मुद्रास्फीति, चीन लगायतका केन्द्रीय बैंकहरुले खरिद बढाउनु, फेडेरल बैंकको ब्याजदर घट्दा बण्डमा प्रतिफल घट्नगई सुरक्षित लगानीको रुपमा लगानीकर्ता सुनतर्फ आकर्षित हुँदा सुनको मूल्य अन्तराष्ट्रिय बजारमै उच्च रहन पुगेको विश्लेषकहरुको भनाई छ । त्यस्तै चाँदीको मूल्य बढ्नुमा भने औद्योगिक माग र चिनियाँ निर्यात नियन्त्रण जस्ता कारण रहेको बताइएको छ ।

किरणभाई बज्राचार्य
महासचिव